मेलम्ची नगरपालिका

नगर कार्यपालिका बैठक

मिति : २०७७।०३।०५

**प्रस्तावहरु**

१. चालु आर्थिक वर्षको २०७६/०७७ को नीति तथा कार्यक्रमको समिक्षाको सम्बन्धमा ।

२. श्री त्रिशक्ति एकेडमी, मेलम्ची - ९ लाई स्थानान्तरण अनुमति दिने सम्बन्धमा ।

३. कार्यक्रम संशोधन गर्ने सम्बन्धमा ।

४. चालु खर्च तर्फको बजेट रकमान्तर गर्ने सम्बन्धमा ।

५. नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को आन्तरिक आय तर्फको ठेक्का रकम छुट माग भएको सम्बन्धमा ।

६. मेलम्ची नगरपालिका वडा नं ६ मा तालामाराङ स्वास्थ्य चौकी निर्माणको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१. नगरपालिकाको चालु आथिक वर्ष २०७६/०७७ को स्वीकृत नीति तथा कार्यक्रमको प्रगती समिक्षा गरियो । नगर विकास गुरुयोजनाले लक्षियत गरेका दिर्घकालिन महत्वका योजना तथा कार्यकम एवं कोरोना भाईरसको संकमण रोकथामको लागि भएको लकथाउनको कारणले गर्दा अधुरो रहेका योजना तथा कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षहरुमा निरन्तरता दिने ।

२. मेलम्ची नगरपालिका वडा नं ९, ज्यामिरे गोल्मास्थान स्थित रहेको **श्री त्रिशक्ति एकेडमी** (कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १४३४०७०७२।०७३, मिति २०७२।०९।२१) लाई नगर शिक्षा समितिको सिफारिस बमोजिम मेलम्ची नगरपालिका वडा नं ४, पिप्लेमा स्थानान्तरण गरी मन्टेश्वरी कक्षा संचालन गर्न सहमती प्रदान गर्ने ।

३. यस नगर कार्यपालिकाको मिति २०७६।१०।०८ को निर्णयानुसार सिन्धु एफ.एम. १०२.८ मेगाहर्जबाट संचालन हुनेगरी स्वीकृत भएको **सामुदायिक पत्रकारिता तालिम** हाल कोभिड-१९ को संक्रमणको जोखिमको कारण संचालन गर्न असहज भएकोले सोही शिर्षकबाट (चालु शिर्षक) रु. ४,१६,९६०।- अक्षरपी चार लाख सोह्र हजार नै सय साठ्ठी रुपयाँ खर्च हुने गरी **सिन्धु एफ.एम ब्रोडकास्ट ट्रान्समिसन खरिद** कार्यक्रम गर्न स्वीकृत गर्ने ।

४. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७६/०७७ मा रकम नपुग भएको देहायको शिर्षकमा देहायको शिर्षकबाट रकमान्तर गर्ने ।

तपशिल

| क.सं | रकम नपुग भएको शिर्षक | रकमान्तर हुने शिर्षक | रकमान्तर हुने रकम रु. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | बैठक भत्ता | तलब शिर्षक (चालु) | रु. १५,००,०००।- (अक्षरेपी पन्ध्र लाख रुपयाँ मात्र) | |
| २ | जनप्रतिनिधि सुविधा | १.जनप्रतिनिधि पोसाक शिर्षक चालु - ७ लाख<br>२.तलब शिर्षक चालु - ४ लाख ५० हजार | रु ११,५०,०००।- (अक्षरेपी एघार लाख पचास हजार मात्र) | |

**५.** मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को लागि आन्तरिक आय तर्फको ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) ठेक्का सम्झौता भएकोमा कोभिड-१९ को संक्रमण रोकथाम गर्न नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लकडाउन घोषणा गरी अत्यावश्यक सेवा मात्र संचालन गरेको र उक्त लकडाउन अवधि सुरु भएदखि निर्माणको कार्य नखुलेसम्म सामाग्री बेच्न नपाएको कारण नगरपालिकालाई ठेक्का सम्झौता बमोजिम पुर्ण रकम बुझाउन नसक्ने भनी श्री तीनपिप्ले निर्माण सेवाले निवेदन दिएको सम्वन्धमा कोभिड-१९ संक्रमण रोकथामको लागि लागू गरिएको लकडाउनको परिस्थितिलाई मध्यनजर गरी विद्यमान कानून बमोजिम ठेक्का सम्झौता बमोजिमको रकममा छुट दिन सकिने वा नसकिने र छुट दिन पर्ने/सकिने भएमा के कती रकम छुट गर्ने सकिन्छ भनी मिति २०७७ आषाढ ७ गते बस्ने कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजिमका सदस्य रहने गरी एक कार्यदल गठन गर्ने ।

<u>तपशिल</u>

संयोजक - कृष्णप्रसाद चौलागाइ, वडा अध्यक्ष, मेलम्ची नगरपलिका वडा नं. १
सह संयोजक - राम बहादुर लामा, वडा अध्यक्ष, मेलम्ची नगरपलिका वडा नं. १२
सदस्य - रुद्रप्रसाद दुलाल, वडा अध्यक्ष, मेलम्ची नगरपलिका वडा नं. ११
सदस्य - देवेन्द्र घोरासैनी, वडा अध्यक्ष, मेलम्ची नगरपलिका वडा नं. १३
सदस्य - भक्त बहादुर खड्का, वडा अध्यक्ष, मेलम्ची नगरपलिका वडा नं. १०
सदस्य - मुरारी पुडासैनी, लेखा अधिकृत, मेलम्ची नगरपलिका
सदस्य - जीत बहादुर कार्की, इन्जिनियर, मेलम्ची नगरपालिका
सदस्य - जयराम घोरासैनी, कम्प्युटर अपरेटर, मेलम्ची नगरपलिका
सदस्य सचिव - राजेन्द्र दुलाल, नायब सुव्वा, मेलम्ची नगरपलिका

६. मेलम्ची नगरपालिका वडा नं ६ (साविक तालामाराङ-४) मा अवस्थित श्री सुकुमान तामाङ र श्रीमती सुकुमाई तामाङको संयुक्त स्वामित्वमा रहेको कित्ता नं. ४३९ को क्षेत्रफल ४-८-०-३ जग्गा मध्येबाट ०-१०-०-० (दश आना) जग्गा यस नगरपालिका अन्तर्गत **तालामाराङ स्वास्थ्य चौकी**को नाममा निःशुल्क दिन मन्जुर भएको र सो जग्गा प्राप्त गरी राष्ट्रिय पुनःनिर्माण प्राधिकरणबाट स्वास्थ्य चौकी भवन बनाउने कार्यक्रम रहेको हुँदा भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं १६४५, मिति २०७६।१०।२७ को पत्रबाट लेखी आएबमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको समितिबाट निर्णय गरि कार्यान्वयन गर्नु पर्ने देखिएको र प्रस्तावित जग्गा सो पत्रमा उल्लेखित आधारहरु अनुरुप रहेको हुँदा सो जग्गा प्राप्ति गर्न अनुमती उपलब्ध गराईदिन अनुरोध गरी सम्बन्धित निकायमा पठाउने ।

2076/08/02